# विपन्न, दलित, जनजाति र सीमान्तीकृत महिलाहरूका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०८०

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

सचिव

विपन्न, दलित, जनजाति र सीमान्तीकृत महिलाहरूका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन)

मार्गदर्शन, २०८०

उद्यम व्यवसाय गर्न चाहने विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तकृत महिलालाई उनीहरूको आवश्यकता, क्षमता र योग्यताका आधारमा सीप प्रदान गरी उद्यमी/व्यवसायी बनाउन सामाजिक विकास मन्त्रालयको आ.व. २०८०/८१ को लागि स्वीकृत बजेटबाट सशर्त अनुदान मार्फत स्थानीय तहहरुमा कार्यक्रम सञ्चालन गर्न सामाजिक विकास मन्त्रालयले यो मार्गदर्शन स्वीकृत गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस मार्गदर्शनको नाम "विपन्न, दलित, जनजाति र सीमान्तीकृत महिलाहरूका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम(सञ्चालन) मार्गदर्शन, २०८०" रहेको छ । यो मार्गदर्शन सामाजिक विकास मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

(ख) "लक्षित वर्ग" भन्नाले विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तकृत महिलालाई सम्झनुपर्छ।

२. कार्यक्रमको उद्देश्य

विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलालाई सीप विकास तालिमका माध्यमबाट आत्मनिर्भर उद्यमी/व्यवसायी बनाउने यस कार्यक्रमको उद्देश्य रहेको छ। यसका लागि सर्वप्रथम लक्षित महिलाको छनौट गरी समूहगत रूपमा निःशुल्क उद्यम सम्बन्धी सीप विकास तालिम प्रदान गरिनेछ। तालिमको समाप्ती पश्चात प्रत्येक समूहले सम्बन्धित स्थानीय तहमा समूह दर्ता गरी सो समूहले पेश गरेको व्यावसायिक प्रस्तावको आधारमा आर्थिक अनुदान प्रदान गरी एकल वा समूहगत रूपमा नै उद्यमशिलता प्रवर्द्धन गरिनेछ।

३. कार्यक्रम सञ्चालन हुने स्थान, तालिमको प्रकार र लक्षित समूह

१) कोशी प्रदेशका अनुसूची-१ मा उल्लिखित स्थानीय तहका आर्थिक रूपले विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलाको सहभागितामा समूह बनाई कार्यक्रम सञ्चालन गरिने छ।

२) तालिमको प्रकार, स्थानीय आवश्यकता र महिला समूहको मागको आधारमा सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

४. तालिमको अवधि

यस मार्गदर्शन बमोजिम सञ्चालन गरिने सीप विकास तालिम कार्यक्रमको अवधि लक्षित समूहको माग अनुसार तालिमको प्रकृति हेरी सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

५. **तालिम सञ्चालन प्रकृया**

तालिम कार्यक्रम सञ्चालन गर्न चालु आ.व. २०८०/८१ मा सामाजिक विकास मन्त्रालयका लागि विनियोजित बजेट वित्त हस्तान्तरणमार्फत सम्बन्धित स्थानीय तहमा सशर्त अनुदानको रुपमा प्रदान गरिनेछ। यसरी प्रदान गरिएको रकमबाट स्थानीय तहले तालिम सञ्चालन गर्नुपर्नेछ।

६. **अभिमुखीकरण कार्यक्रम गरिने**

यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयले कार्यक्रम सञ्चालन हुने स्थानीय तहलाई प्रतिनिधित्व गराई अभिमूखीकरण कार्यक्रमको आयोजना गर्नेछ।

७. **सहभागी छनौट विधि**

तालिममा सहभागी हुने विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलाहरूको छनौट कार्यक्रम सञ्चालन गरिने सम्बन्धित स्थानीय तहले समावेशीरूपमा सहभागिता हुने गरी गर्नेछ। यस प्रयोजनका लागि सम्बन्धित स्थानीयतहले विपन्न, दलित, जनजाति र सीमान्तीकरणमा परेका महिलासँग सरोकारवाला संघ संस्थासँग समेत समन्वय गर्न सक्नेछ।

८. **सहभागी छनौटका आधारहरू**

१) तालिमको एउटा समूहमा कार्यक्रम सञ्चालन हुने स्थानीय तहले छनौट गरेका पच्चिस (२५) जना विपन्न, दलित, जनजाति र सीमान्तीकरणमा परेका महिलाहरूको सहभागिता हुनेछ।

२) तालिमका लागि विपन्न, दलित, जनजाति र सीमान्तीकरणमा परेका महिला सहभागी छनौट गर्ने सम्बन्धित स्थानीय तहले देहायको आधारमा सहभागीको छनौट गर्नेछः-

(क) उमेर (२० देखी ५९ वर्षसम्म),

(ख) आवश्यकता, चाहना र उद्यम व्यवसाय प्रतिको अभिरुची ।

९. **समूहदर्ता वा स्थानीय तहसँग सम्झौता गर्नुपर्ने**

१) तालिमको समाप्ति पश्चात तालिममा सहभागी लक्षित वर्गले संयुक्तरूपमा सम्बन्धित स्थानीय तहमा उद्देश्य र कारण खुलाई समूह दर्ता गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिम समूह दर्ता गर्ने प्रशासनिक व्यवस्था नभएका स्थानीय तहहरूको हकमा तालिमको समाप्ति पश्चात सोझै अनुसूची-२ बमोजिमको ढाँचामा कार्यक्रम सञ्चालनका लागि समूहमा सम्मिलित व्यक्तिहरूको नामावली खुलाई सम्बन्धित स्थानीय तहसँग सम्झौता गर्न सकिनेछ ।

३) उपदफा (१) र (२) बमोजिमको समूहमा तालिममा सहभागी भएका पच्चिस जना लक्षित वर्गसँगै तालिममा सहभागी नभएका अन्य लक्षित वर्ग पनि सदस्य बन्न सक्नेछन्।

सचिव

१०. <u>व्यावसायिक प्रस्ताव पेश गर्नुपर्ने</u>

१) यस मार्गदर्शन बमोजिमको तालिम प्राप्त गरेका महिलाहरूको समूहले देहायको कागजातहरू संलग्न गरी तालिम लिएको विषय सम्बद्ध व्यावसायिक प्रस्ताव सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नुपर्नेछः-

(क) स्थानीय तहमा दर्ता भएको दर्ता प्रमाणपत्र (समूह दर्ता गर्ने प्रशासनिक व्यवस्था नभएका स्थानीय तहहरूको हकमा आवश्यक नपर्ने),

(ख) अनुसूची-३ को ढाँचा बमोजिमको विस्तृत विवरण सहितको व्यावसायिक प्रस्ताव।

२) व्यावसायिक प्रस्तावमा सामान्यतयाः देहायका कुराहरू खुलाउनुपर्नेछ:-

(क) समूहको नाम, सदस्यहरूको नाम, ठेगाना, उमेर, शैक्षिक स्तर, व्यावसायिक अनुभव लगायतका कुराहरू समेटिएको संक्षिप्त विवरण,

(ख) व्यवसायको नाम, उद्देश्य, सञ्चालनगरिने स्थान,

(ग) लागत, लगानी स्रोत र अपेक्षित प्रतिफल,

(घ) प्रमुख क्रियाकलाप,

(ङ) कार्यान्वयनमा आवश्यक अनुमानित जनशक्ति,

(च) भावी योजना,

(छ) अन्य आवश्यक कुराहरू।

११. <u>प्रस्तावको स्वीकृति र लागत सहभागिता</u>

१) दफा १० बमोजिम पेश भएको व्यावसायिक प्रस्तावको औचित्यपूर्ण जाँचबुझका आधारमा यस मार्गदर्शनको दफा १५ बमोजिमको कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिको सिफारिसमा सम्बन्धित स्थानीय तहले स्वीकृत गर्नेछ।

२) स्वीकृत भएको व्यावसायिक प्रस्ताव कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालय, कार्यक्रम सञ्चालन हुने स्थानीय तह र सहभागी विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलाहरूको समूहगत रूपमा प्रति समूह वा सहकारी देहाय बमोजिमको संयुक्त लागत सहभागिता रहनेछ:-

(क) सामाजिक विकास मन्त्रालय– रु. ५,००,०००।– (पाँच लाख रूपैयाँ), जसमध्ये,-

१. तालिम सञ्चालनको लागि– रु. १,३०,०००।– (एक लाख तीस हजार रूपैयाँ)

२. व्यवसाय सञ्चालन बीउँपूँजी अनुदान– रु. ३,५०,०००।– (तीन लाख पचास हजार रूपैया)

३. कार्यक्रम अनुगमन– रु. २०,०००।– (बीस हजार रूपैयाँ)

सचिव

(ख) सम्बन्धित स्थानीय तह– सामाजिक विकास मन्त्रालयले प्रदान गर्ने बीउँपूँजी रकमको न्यूनतम तीस प्रतिशतले हुन आउने रू. १,०५,००० (एक लाख पाँच हजार रूपैयाँ) (सो भन्दा बढी समेत स्थानीय तहले प्रदान गर्न सक्ने),

(ग) सहभागी महिला समूह– प्रति सदस्य कम्तिमा रू. ५,००० (पाँच हजार रूपैयाँ) ।

१२. भुक्तानी प्रक्रिया

१) तालिम प्राप्त महिला समूहले पेश गरेको व्यावसायिक प्रस्ताव सम्बन्धित स्थानीय तहबाट स्वीकृति भए पश्चात सम्बन्धित स्थानीय तहबाट दफा११(२)(क) बमोजिम सामाजिक विकास मन्त्रालयले प्रदान गरेको रकम रू. ३,५०,००० (तीन लाख पचास हजार रूपैयाँ), दफा ११(२)(ख) बमोजिमको न्यूनतम रकम रू. १,०५,००० (सो भन्दा बढी समेत स्थानीय तहले प्रदान गर्न सक्ने) र दफा ११(२)(ग) बमोजिमको रकम समेत सहभागी महिला समूहले एकमुष्ट रु. १,२५,०००(एक लाख पच्चीस हजार) गरी बिउपूँजी बापत न्यूनतम रकम रू. ५,८०,०००।–(पाँच लाख असी हजार रूपैयाँ) एकमुष्ट रूपमा उपलब्ध गराउनु पर्नेछ।

२) उपदफा (१) बमोजिम रकम हस्तान्तरण गर्दा अनुसूची-३ बमोजिमको ढाँचामा स्थानीय तह र समूहबीच सम्झौता गरी स्थानीय तहले सम्झौताको प्रतिलिपि सहित सो को जानकारी मन्त्रालयलाई गराउनुपर्नेछ ।

१३. खाता सञ्चालन विधि

स्वीकृत भएको व्यावसायिक प्रस्ताव कार्यान्वयन गर्नको लागि सामाजिक विकास मन्त्रालय, सम्बन्धित स्थानीय तह तथा सहभागी महिलाबाट प्राप्त रकमलाई सम्बन्धित महिला समूहले एकीकृत गरी नजिकैको बैंक, वित्तीय संस्था वा सहकारी संस्थामा समूहको नाममा खाता खोली सञ्चालन गर्नुपर्नेछ। यसरी खोलिएको खाताको सञ्चालन समूह वा सहकारीको प्रमुख तथा कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ।

१४. लेखापरीक्षण सम्बन्धी व्यवस्था

यस कार्यक्रम बमोजिम खर्च भएको रकमको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ।

१५. कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिको गठन र काम, कर्तव्य तथा अधिकार

१) कार्यक्रम सञ्चालन भएको स्थानीय तहमा उक्त कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय तथा अनुगमन समेत गर्नका लागि देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समिति हुनेछ:-

(क) स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष -संयोजक

(ख) स्थानीयतहका योजना शाखाका प्रमुख -सदस्य

(ग) स्थानीय तहमा रहेका विपन्न, दलित, आदिवासी जनजाति,

सचिव

मधेसी र सीमान्तीकरणमा परेको महिला सम्बद्ध संघसंस्था
वा विपन्न, दलित, जनजाति र सीमान्तीकरणमा परेका महिलाका प्रतिनिधि -सदस्य

(घ) स्थानीय तहका महिला बालबालिका शाखा प्रमुख -सदस्य-सचिव

२) कार्यक्रम सञ्चालन भएको स्थानीय तहका प्रमुख दफा (१) बमोजिमको समितिको संरक्षक हुनेछ।

३) कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ:-

(क) दफा १० बमोजिम समूहबाट पेश भएको व्यावसायिक प्रस्तावको औचित्यपूर्ण जाँचबुझ गरी स्वीकृतिका लागि स्थानीय तह समक्ष सिफारिस गर्ने,

(ख) सञ्चालित कार्यक्रम कार्यान्वयन सम्बन्धमा अनुगमन, सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ग) कार्यक्रम सम्पन्न भए पश्चात विपन्न, दलित, जनजाति र सीमान्तीकरणमा परेका महिलाहरूको रोजगार तथा स्वरोजगार भए नभएको जानकारी लिई अभिलेख राख्ने,

(घ) व्यवसाय सञ्चालन गर्न समूहमा उपलब्ध गराएको रकमको सहि प्रयोग भए/नभएको अनुगमन गर्ने ।

१६. <u>अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन</u>

१) कार्यक्रमको प्रभावकारिताका लागिकार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिका अतिरिक्त सम्भव भएसम्म सामाजिक विकास मन्त्रालय र सम्वन्धित स्थानीय तहबाट समेत अनुगमन गरिनेछ।

२) समूहले सम्झौता बमोजिम भए गरेका कार्यहरूको प्रगति प्रतिवेदन सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नुपर्नेछ। सम्बन्धित स्थानीय तहले उक्त प्रतिवेदनको प्रतिलिपि सामाजिक विकास मन्त्रालयलाई समेत पठाउनु पर्नेछ। यसरी पेश गरिने प्रगति प्रतिवेदनको ढाँचा अनुसूची-४ बमोजिम हुनेछ।

३) कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिले गरेको अनुगमनका आधारमा समितिका सदस्य-सचिवले स्थानीय तहमार्फत वार्षिक रूपमा सामाजिक विकास मन्त्रालय समक्ष अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ।

१७. <u>उधमशिलता विकास तथा वित्तीय पहुँच</u>

कार्यक्रम बमोजिम विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिला समूहहरूले सञ्चालन गरेको उद्यम व्यवसायको विकास, प्रोत्साहन तथा विस्तारका लागि आगामी आर्थिक वर्षहरूको कार्यक्रममा उधमशिलता विकास र वित्तीय पहुँचका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

कार्यक्रम सञ्चालन हुने कोशी प्रदेशका स्थानीय तहहरू

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १. | ताप्लेजुङ | आठराई त्रिवेणी गाउँपालिका |
| २. | पाँचथर | याङवरक गाउँपालिका |
| ३. | इलाम | फाकफोकथुम गाउँपालिका |
| ४. | झापा | गौरीगञ्ज गाउँपालिका |
| ५. | संखुवासभा | चैनपुर नगरपालिका |
| ६. | भोजपुर | टेम्केमैयुङ गाउँपालिका |
| ७. | तेह्रथुम | छथर गाउँपालिका |
| ८. | धनकुटा | चौबिसे गाउँपालिका |
| ९. | मोरङ | रंगेली नगरपालिका |
| १०. | सुनसरी | देवानगञ्ज गाउँपालिका |
| ११. | सोलुखुम्बु | माप्य दुधकोशी गाउँपालिका |
| | | सोताङ गाउँपालिका |
| १२. | खोटाङ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका |
| १३. | ओखलढुङ्गा | चम्पादेवी गाउँपालिका |
| १४. | उदयपुर | त्रियुगा नगरपालिका |
| | | रौतामाई गाउँपालिका |

सचिव

अनुसूची-२

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

<u>सम्झौताको ढाँचा</u>

..........पालिका र ......... समूह.......बीच

........उद्यम/व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा भएको

<u>सम्झौता-पत्र</u>

आज मिति ......... गतेका दिन ....मा ...........पालिका (यसपछि "पालिका" भनिएको) र ..... महिला समूह, ....... (यसपछि "समूह" भनिएको) बीच सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशबाट जारी गरिएको बिपन्न, दलित, जनजाति र सीमान्तीकृत महिलाहरूका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०८० (यसपछि "मार्गदर्शन" भनिएको) बमोजिम तपसिलका शर्तहरूको अधीनमा रही ......पालिकाको वडा नं. ... मा .............उद्यम/व्यवसाय सञ्चालन गर्न मन्जुर भई यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझिलियौंदियौं ।

<u>सम्झौताका शर्तहरू</u>

१. समूहले मार्गदर्शन बमोजिम यस पालिकाको वडा नं. ...लाई मुख्य कार्यक्षेत्र बनाई ..... सम्बन्धी उद्यम/व्यवसाय सञ्चालन गर्नेछ ।

२. उल्लिखित बमोजिमको व्यवसाय सञ्चालन गर्न पालिकाले समूहलाई सामाजिक विकास मन्त्रालयबाट सशर्त अनुदान स्वरूप प्राप्त भएको रकम रु. ..... तथा पालिकाबाट समूहलाई प्रदान गरिने रकम रू. ...... गरी एकमुष्ट रू. ............ (......... रूपैयाँ) उपलब्ध गराउनेछ । उक्त रकम समूहलाई र समूहका सदस्यहरू आफैले जम्मा गरेको रकमसँगै .....बैंक/वित्तीय संस्था/सहकारीमा रहेको समूहको खातामा समूहले जम्मा गर्नेछ ।

३. मार्गदर्शन बमोजिम समूहले पेश गरेको व्यावसायिक प्रस्ताव बमोजिमको क्रियाकलाप तथा खर्चको विवरण अनुसार खर्च गर्ने व्यवस्था गर्नेछ ।

४. समूहले सञ्चालन गरेको उद्यम/व्यवसाय प्रत्यक्ष रूपमा पालिका तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिको अनुगमनमा सञ्चालन हुनेछ।

५. व्यवसाय सञ्चालन गर्नका लागि समूहले सामूहिक वा आवश्यकता अनुसार विपन्न, दलित, जनजाति र सीमान्तीकरणमा परेका महिलाहरूको समूह वा भूगोल अनुसार एकल रूपमा समेत बनाई सञ्चालन गर्ने सम्बन्धमा पालिकासँग समन्वय गरी समूहको निर्णयानुसार गर्नेछ । समूहको निर्णयको प्रतिलिपि पालिकामा पठाउनेछ ।

६. समूहले व्यवसायबाट आर्जन गरेको नाफाको १२ प्रतिशत रकम समूहकै हितकोषमा जम्मा गर्नेछ । हितकोष परिचालनको कार्यविधि समूह स्वयंले निर्माण गरी प्रयोग गर्नेछ । समूहले यसको जानकारी पालिकालाई समेत दिनेछ।

७. समूहले सञ्चालन गरेको उद्यम व्यवसायको कार्यान्वयनको अवस्थाबारे सामाजिक विकास मन्त्रालय, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समिति र पालिकाबाट गरिने नियमित अनुगमनका क्रममा समूहले मार्गदर्शन तथा सम्झौता बमोजिम उद्यम/व्यवसाय सञ्चालन नगरेको पाइएमा तथा उद्देश्यमूलक ढंगले रकमको प्रयोग गरेको नपाइएमा व्यवसायको दर्ता खारेज गरी उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

८. यो सम्झौता आजैका मितिबाट प्रारम्भ हुनेछ।

९. यो सम्झौतामा लेखिएका कुरायसै बमोजिम तथा अन्य कुराहरू मार्गदर्शन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

यो कार्यक्रम सञ्चालन गर्नका लागि हामी दुवै पक्ष सहमत छौं र यस सम्झौतामा लेखिएका सर्तहरूको पालना दुवैपक्षबाट जिम्मेवारीपूर्वक गर्नेछौं भनी सहिछाप गर्ने,-

**समूहको तर्फबाट**

हस्ताक्षर:

नामथर:

पद:

मिति:

**रोहबर**

हस्ताक्षर:

नामथर:

ठेगाना:

मिति:

**पालिकाको तर्फबाट**

हस्ताक्षर:

नामथर:

पद:

कार्यालय:

मिति:

**रोहबर**

हस्ताक्षर:

नामथर:

पद:

कार्यालय:

मिति

सचिव

अनुसूची ३
(दफा १० को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)
व्यावसायिक प्रस्तावको ढाँचा

............ उद्यम/व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा

श्री...............पालिका समक्ष

पेश गरिएको

.........सम्बन्धी उद्यम/व्यवसायको

# व्यावसायिक प्रस्ताव

प्रस्ताव पेश गर्ने

..................

...... पालिका, वडा नं. ...

सचिव

१. समूहको नाम तथा ठेगाना:...........................

२. सदस्यहरूको सामान्य परिचय:

| सि.नं. | नामथर | ठेगाना | उमेर | शैक्षिक योग्यता | हालको पेशा | यसअघि गरेको कुनै व्यावसायिक कामको अनुभव भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. व्यवसायको नाम:

४. व्यवसायको उद्देश्य:

५. व्यवसाय सञ्चालन गरिने स्थान (एकल वा उपसमूह बनाई व्यवसाय गरेमा प्रत्येकको स्थान उल्लेख गर्ने )

६. व्यवसायको अनुमानित लागत:

७. व्यवसायमा गरिने लगानीको स्रोत:

(क) स्थानीय तहबाट अपेक्षा गरिएको रकम:

(ख) सदस्यहरूबाट संकलित रकम:

८. व्यवसाय सञ्चालनका क्रममा गरिने प्रमुख क्रियाकलाप: (व्यवसायमा गरिने मुख्य-मुख्य कार्यहरू उल्लेख गर्ने। जस्तै:ढाका कपडा बुनाई व्यवसायको लागि तानको निर्माण रधागोको खरिद, मुढा, झल्ला, पटिया आदिको निर्माणका लागि लाग्ने कच्चा सामग्रीको खरिद,बिक्रीवितरण गरिने स्थान वा पक्ष आदि)

९. अपेक्षित प्रतिफल: (बार्षिक रूपमा के-कति मूनाफा आर्जन गर्न सकिन्छ तथा सो मूनाफाबाट के कति समयभित्रमा लगानी उठाउन सकिन्छ आदि उल्लेख गर्ने)

१०. कार्यान्वयनमा आवश्यक पर्ने अनुमानित जनशक्ति: (आवधिक र पूर्णकालीन रूपमा रोजगारी प्राप्त गर्नसक्ने आवश्यक कर्मचारी वा जनशक्तिको संख्या उल्लेख गर्ने)

११. भावी योजना: (भविष्यमा गरिने अन्य कुनै व्यावसायिक योजना भए सो समेत उल्लेख गर्ने)

१२. अन्य कुराहरू: (अन्य कुराहरू भए उल्लेख गर्ने)

सचिव

अनुसूची-४

(दफा १६ को उपदफा (२) सँग सम्बन्धित)

प्रगति प्रतिवेदनको ढाँचा

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशद्वारा जारी गरिएको विपन्न, दलित, जनजाति र सीमान्तीकृत महिलाहरूका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०८० बमोजिम ....... महिला समूहद्वारा सञ्चालित ....... उद्यम/व्यवसायको सम्बन्धमा.... पालिका समक्ष पेश गरिएको

प्रगति प्रतिवेदन

१. समूह वा सहकारीको नाम तथा ठेगाना:.....................

२. सदस्यहरूको सामान्य परिचय:

| सि.नं. | नामथर | ठेगाना | उमेर | शैक्षिक योग्यता | यसअघि गरेको कुनै व्यावसायिक कामको अनुभव भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

३. उद्यम/व्यवसायको नाम:

४. उद्यम/व्यवसायको उद्देश्य:

५. उद्यम/व्यवसाय सञ्चालन गरिएको स्थान (एकल वा उपसमूह बनाई व्यवसाय गरेमा प्रत्येकको स्थान उल्लेख गर्ने )

६. उद्यम/व्यवसायको लागत:

७. उद्यम/व्यवसायको हालको चल अचल सम्पत्तिको अवस्था: (सबै चलअचल सम्पत्तिको विवरण उल्लेख गर्ने)

८. उद्यम/व्यवसायमा प्रयोग गरिएको जग्गाको क्षेत्रफल: (एकल वा उपसमूह बनाई व्यवसाय गरेमा प्रत्येकको क्षेत्रफल उल्लेख गर्ने )

९. उद्यम/व्यवसायमा प्रयोग गरिएको भवन सम्बन्धमा:

(क) आफ्नै: (आफ्नै भए प्राप्तिको स्रोत उल्लेख गर्ने)

(ख) भाडामा : (भाडामा भए भाडाको दररेट प्रतिमहिना उल्लेख गर्ने)

१०. उद्यम/व्यवसायमा गरिएको लगानीको स्रोत:

(क) सामाजिक विकास मन्त्रालयबाट प्राप्त रकम:

सचिव

(ख) स्थानीय तहबाट प्राप्त रकम:

(ग) सदस्यहरूबाट संकलित रकम:

(घ) अन्य स्रोतबाट प्राप्त रकम (भएमा स्रोत समेत खुलाइने)।

११. उद्यम/व्यवसाय सञ्चालनका क्रममा गरिएका क्रियाकलापमा भएको खर्चहरू: (व्यवसायमा गरिने मुख्य-मुख्य कार्यहरूमा भएका खर्चहरू क्रमैसँग उल्लेख गर्ने। जस्तै:- ढाका कपडा बुनाई व्यवसायको लागि तानको निर्माण र धागोको खरिद, मुढा, झल्ला, पटिया आदिको निर्माणका लागि लाग्ने कच्चा सामग्रीको खरिद, बिक्रीवितरण गरिने स्थान वा पक्ष आदि)

१२. कुल नाफा/नोक्सान:

१३. जनशक्ति: (आवधिक र पूर्णकालीन रूपमा रोजगारीमा रहेका कर्मचारी वा जनशक्तिको पद र संख्या उल्लेख गर्ने)

१४. भावी योजना: (भविष्यमा गरिने अन्य कुनै व्यावसायिक योजना भए सो समेत उल्लेख गर्ने)

१५. अन्य कुराहरू: (अन्य कुराहरू भए उल्लेख गर्ने)

प्रतिवेदक

........ महिला समूहको तर्फबाट

अध्यक्ष : ..................................

हस्ताक्षर:

मिति: